मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : १३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत २२ गते आइतबार (Sunday, 5 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आगलागी ५७ लाखभन्दा बढीको क्षति

**ओखलढुङ्गा, चैत २१।** जिल्लाको सिद्धिचरण नगरपालिका-२, केउरेनीका बुद्धिकुमार आचार्यका दुई वटा घरमा आगलागी हुँदा रु. ५७ लाखभन्दा बढीको क्षति भएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार शनिवार बिहान बिद्युत् चुहिएर आगो सल्किँदा दुवै घर पूर्ण रूपमा जलेका तथा लत्ताकपडा, भाँडावर्तन, सुनचाँदीलगायत घरमा रहेको रु. १० लाख नगद समेत खरानी भएको छ। आगलागीमा रु. ५७ लाख १० हजार ७५०

*(बाँकी अन्तिम पृष्ठमा)*

## बलात्कार मुद्दामा 'बले' पक्राउ

### जबरजस्ती करणी मुद्दा 'मिलापत्र' गराउन खोज्ने सात जना बिचौलिया नियन्त्रणमा



**काठमाडौं, चैत २१।** हास्य कलाकार सागर लम्साल (बले) पक्राउ परेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई बलात्कारको आरोपमा शनिबार बिहान बूढानीलकण्ठबाट पक्राउ गरेको हो।

शुक्रबार अमेरिका बस्ने विष्ट थरकी एक युवतीले सागरमाथि बलात्कारको आरोप लगाएकी थिइन्। त्यसकै आधारमा प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको हो। पीडितको तर्फबाट अहिलेसम्म उजुरी भने परेको छैन।

नेपाली फिल्मकी अभिनेत्री समेत रहेकी ती युवतीले शुक्रबार सामाजिक सञ्जालमा लामो पोस्ट लेख्दै एक वर्षअघि सागरले आफूलाई अमेरिकामा रहेको आफ्नो अपार्टमेन्टमा बलात्कार गरेको आरोप लगाएकी थिइन्। यसपछि सामाजिक सञ्जालमा दोषीलाई कारबाही हुनुपर्ने भन्दै व्यापक आवाज उठेको थियो।

सागर डेढ दशकदेखि सिरियल र फिल्म अभिनयमा सक्रिय छन्। 'भद्रगोल' सिरियलमा निभाएको 'बले' चरित्रबाट चर्चामा आएका उनले सन् २०१३ मा प्रदर्शन भएको 'लोफर'बाट फिल्ममा डेब्यू गरेका थिए। यसपछि 'लज्जा', 'हैरान' र 'लाज शरणम्' फिल्ममा काम गरेका उनको नयाँ फिल्म 'डल्लेले इन्ट्री मार्‍यो' प्रदर्शनको पर्खाइमा छ।

उता सिन्धुपाल्चोकमा जबरजस्ती करणी जस्तो गम्भीर अपराधको मुद्दालाई पैसाको प्रलोभन र डर-धम्की देखाएर मिलापत्र गराउन खोज्ने ७ जना बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले विशेष सूचनाको आधारमा चौतारा साँगाचोकगढी नगरपालिका-१ स्याउलेबाट उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेहरूमा जुगल गाउँपालिका-२का ४५ वर्षीय श्रीकाजी दोङ, ५० वर्षीय माइला दोङ, २४ वर्षीय सुशील दोङ, ४२ वर्षीय मिकमार दोङ, ३१ वर्षीय बिशाल दोङ, ३२ वर्षीय नेत्र दोङ र ५२ वर्षीय डेमा छिरिङ लामा रहेका छन्।

प्रहरीका अनुसार २०८२ चैत १६ गते दर्ता भएको जबरजस्ती करणी मुद्दाका प्रतिवादीसँग मिलेर यी बिचौलियाहरूले पीडित र उनीहरूको परिवारलाई मुद्दा फिर्ता लिन र मिलापत्र गर्न दबाब दिइरहेका थिए। उनीहरूले कानून विपरीत आर्थिक लेनदेन गरिरहेको अवस्थामा प्रहरीले छापा मारेको थियो।

सो क्रममा ५ लाख १६ हजार ९३२ रुपैयाँ नगद, ग्लोबल आईएमई बैंक र सिन्धु विकास बैंकका गरी २ लाख ३५ हजार रुपैयाँ बराबरको नकाटिएको र काटिएको चेक तथा ७ थान मोबाइल फोन बरामद गरिएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

मिटरब्याज प्रकरण

# सशस्त्र प्रहरी निरीक्षक सापकोटाबिरुद्ध पक्राउ पुर्जी

### बिर्तामोडका व्यवसायीलाई आर्थिक शोषण गरेको आरोप

**झापा, चैत २१।** सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेडक्वाटर भद्रपुर झापामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक भीष्म सापकोटा मिटरब्याज प्रकरणमा जोडिएका छन्।

उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। उनीसहित बिर्तामोड-६ बुट्टाबारीका लेखनाथ सुवेदी र डिल्लीराम भण्डारीबिरुद्ध समेत पक्राउ पुर्जी जारी भएको बताइएको छ। झापाको बिर्तामोडमा व्यवसायी परिवारमाथि मिटरब्याज, आपराधिक विश्वासघात र असुली (एक्सटर्सन) सम्बन्धी उजुरी परेसंगै उनीहरुबिरुद्ध पक्राउ पूर्जी जारी भएको बताइएको छ।

बिर्तामोड नगरपालिका-१ भीआईपी टोल निवासी एक ३७ वर्षीया महिलाले आफ्ना पतिलाई लक्षित गरी आर्थिक शोषण, धम्की तथा अनुचित लेनदेन गरेको दावी गर्दै उनीबिरुद्ध उजुरी गरेकी थिइन्। उनीहरूले योजनाबद्ध रूपमा उच्च ब्याजदरमा ऋण प्रवाह गरी चेक नियन्त्रणमा राख्दै थप रकम असुल्ने प्रयास गरेको उजुरीकर्ताले निवेदनमा उल्लेख गरेकी छिन्।

उजुरी अनुसार लेखनाथ सुवेदी र ती व्यवसायीबीच पुरानो चिनजानका आधारमा पछिल्लो दुई वर्षदेखि आर्थिक कारोबार शुरु भएको थियो। व्यवसाय विस्तारका क्रममा विभिन्न चरणमा गरी करिब ५९ लाख ५० हजार रुपैयाँ ऋण लिइएको उल्लेख छ।

तर, उक्त रकममा अस्वभाविक रूपमा ३६० प्रतिशतसम्म ब्याज जोडिएको र रकम फिर्ता गर्दा समेत पुराना चेक फिर्ता नगरिएको उजुरीमा उल्लेख गरिएको छ। उल्टै नयाँ चेक लिनुका साथै अग्रिम ब्याज जोडेर थप दायित्व सिर्जना गरिएको उनीमाथि आरोप छ।



तस्वीरः इन्टरनेट

उजुरीकर्ताका अनुसार विभिन्न बैंकिङ माध्यम, नगद र विद्युतीय भुक्तानीमार्फत ठूलो रकम फिर्ता गरिसकिएको छ। विवरण अनुसार ७४ लाख ८१ हजार रुपैयाँभन्दा बढी रकम तिरिसक्दा पनि बाँकी रकम देखाउँदै थप दबाब दिइएको दाबी गरिएको छ। उजुरीमा विशेषगरी डिल्लीराम भण्डारीको जिम्मामा रहेका २०-२० लाख रुपैयाँका दुई वटा चेक फिर्ता मागदा १ करोड ३० लाख रुपैयाँ दिएपछि मात्र फिर्ता गर्ने भनिएको उल्लेख छ।

यसैबीच, विभिन्न मितिमा काटिएका करिब ८३ लाख रुपैयाँ बराबरका अन्य चेकहरू समेत आरोपितले कब्जामा राखेको जनाइएको छ। ती चेकका आधारमा बैंकिङ कारोबार अवरुद्ध गराउने तथा कालोसूचीमा पार्ने काम भएको दावी उजुरीकर्ताले गरेकी छन्।

उजुरीकर्ताका अनुसार ३५ लाख रुपैयाँ ऋण लिँदा ६ महिनाको लागि ५ लाख ब्याज अग्रिम लिने सर्त राखिएको थियो। सो ऋण सुरक्षणका लागि ४० लाख रुपैयाँ बराबरका दुई चेक पनि दिइएको जनाइएको छ।

तर, पछि ती चेक फिर्ता माग्दा नदिई विभिन्न बहानामा टारिएको र उल्टै थप रकम माग गरिएको उजुरीमा उल्लेख छ। आरोपितहरूले ९५ लाख रुपैयाँ नदिए प्रहरी लगाएर पक्राउ गराउने, थप रकम असुल्ने भन्दै पटक-पटक धम्की दिएको समेत उजुरीकर्ताले दाबी गरेकी छन्।

उनका अनुसार यस्तो गतिविधिले व्यवसायमा गम्भीर असर परेको, बैंकिङ कारोबार अवरुद्ध भएको र मानसिक तनावसमेत झेल्नुपरेको बताएकी छिन्। उजुरीमा मुलुकी अपराधसंहिता, २०७४को दफा २४९ अनुसार अनुचित लेनदेन (मिटरब्याज) तथा आपराधिक लाभ सम्बन्धी कसूरमा कारबाही गर्न माग गरिएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## घरको तीन तलामाथिबाट झरेकी बालिकाको मृत्यु

**बिर्तामोड, चैत २१।** झापामा घरको तीन तला माथिबाट खस्दा एक बालिकाको मृत्यु भएको छ। दमक नगरपालिका-४की पाँच वर्षीया मानस्वी आचार्यको घरबाट खसेर मृत्यु भएको हो।

आफन्त कहाँ गएकी आचार्य बिर्तामोड नगरपालिका-५स्थित मञ्जु उप्रेतीको घरको तीन तलामाथि झ्यालबाट खस्दा गम्भीर घाइते भएकी थिइन्। उनको बिर्तामोडस्थित बिएण्डसी मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले जानकारी दिइन्।

ताप्लेजुङको फुङ्लिङ नगरपालिका-३ का हेमसागर भट्टराईको कोठामा आमासँग पाहुना आएकी आचार्य खेल्ने क्रममा झ्यालबाट खसेकी थिइन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## विदेश पठाइदिन्छु भन्दै लाखौं ठगी

**काठमाडौं, चैत २१।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा रूपन्देही बुटवल उपमहानगरपालिका-२ बस्ने सल्यान कालीमाटी गाउँपालिका-७ घर भएका ५२ वर्षीय कर्ण बहादुर राउत, काठमाडौं नागार्जुन नगरपालिका-९ बस्ने तनहुँ भानु नगरपालिका-१२ घर भएका ४२ वर्षीय आनन्द थापा रहेका छन्।

त्यस्तै नवलपरासी पूर्वकावासोती नगरपालिका-३ घर भएकी ३९ वर्षीया राधिका पाठक पौडेल र काठमाडौं महानगरपालिका-३१ बस्ने मोरङ सुन्दहरैँचा नगरपालिका-३ घर भएका ४७ वर्षीय तिलक परियार रहेका छन्।

पक्राउमध्ये कर्णबहादुरले फिनल्याण्ड पठाइदिन्छु भन्दै ११ जनाबाट ५७ लाख रूपैयाँ, आनन्दले माल्टा पठाइदिन्छु भन्दै १ जनाबाट ४ लाख ५० हजार रूपैयाँ, राधिकाले फिनल्याण्ड पठाइदिन्छु भन्दै २ जनाबाट ४ लाख २० हजार रूपैयाँ र तिलकले सर्बिया पठाइदिन्छु भन्दै २ जनाबाट ८ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको प्रंहरीले जनाएको छ।

पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले कर्णबहादुरलाई काठमाडौं महानगरपालिका-११बाट, आनन्दलाई काठमाडौं महानगरपालिका-२६ बाट, राधिकालाई काठमाडौं महानगरपालिका-१२ बाट र तिलकलाई काठमाडौं महानगरपालिका-२९बाट पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## नयाँ शैक्षिक सत्रको तयारी

**काठमाडौँ, चैत २१।** आगामी वैशाख २ गतेदेखि प्रारम्भ हुने नयाँ शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित विद्यालय तहका पाठ्यपुस्तक देशका विभिन्न भागमा धमाधम पुर्‍याइँदैछ।

केन्द्रले यही चैत १६ गतेदेखि पाठ्यपुस्तक वितरण शुरु गरेकामा पाँच दिनमा २५ लाख थान बिक्री भएको जनाएको छ। नयाँ शैक्षिक सत्र शुरु हुनु अघि छपाइ गरी विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याउने दायित्व बमोजिम केन्द्रले उत्पादन सकेर वितरण शुरु गरेको केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले जानकारी दिए।

शिक्षामन्त्री सस्मित पोखरेलले शुक्रबार भक्तपुरस्थित केन्द्रको कार्यालय र प्रेस अवलोकन गरेका थिए। त्यस क्रममा केन्द्रको उत्पादन र प्रगतिबारे जानकारी गराउँदै नयाँ शैक्षिक सत्रमा पाठ्यपुस्तकको अभाव नहुने प्रतिबद्धता व्यक्त गरिएको थियो।

## स्वास्थ्यकर्मीलाई न्यूनतम् पारिश्रमिक प्रदान गर्न निर्देशन

**काठमाडौँ, चैत २१।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी मेडिकल तथा डेण्टल कलेज र अस्पतालहरूलाई नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई न्यूनतम् पारिश्रमिकलगायत सेवासुविधाहरु उपलब्ध गराउन निर्देशन दिएको छ।

मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले (एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टीच्युशन अफ नेपाल ( अफिन), नेपाल मेडिकल तथा डेण्टल कलेज एशोसिएशनलाई एक पत्र जारी गर्दै सरोकारवाला पक्षहरूसँग गतकात्तिक १५ गते भएको सहमति कार्यान्वयन गर्न आग्रह गरेको हो। उक्त सहमति अनुसार सेवासुविधा र न्यूनतम् पारिश्रमिक उपलब्ध गराउनुपर्ने भए पनि केही संस्थाहरूले कार्यान्वयन नगरेको गुनासो

*(बाँकी अन्तिम पृष्ठमा)*

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा बर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि बृक्षरोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सर्वोच्चलाई महान्यायाधीवक्ता कार्यालयको जवाफ

# ओलीको गिरफ्तारी कानूनसम्मत

**काठमाडौँ, चैत २१।** महान्यायाधीवक्ताको कार्यालयले सर्वोच्च अदालतलाई पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गिरफ्तारी गैरकानूनी नभएको जवाफ दिएको छ।

भदौ २३ र २४मा भएको जेन-जी बिद्रोहका बेला प्रधानमन्त्री रहेका ओलीलाई ज्यानसम्बन्धी कसुर समेतको मुद्दामा प्रहरीले चैत १४ गते गिरफ्तार गरेको थियो। जेन-जी आन्दोलनको घटनाबारे जाँचबुझ गर्न गठित आयोगले अनुसन्धान गर्न सिफारिस गरेपछि ओली पक्राउ परेका थिए। उक्त गिरफ्तारीविरुद्ध परेको बन्दी प्रत्यक्षीकरण निवेदनउपर अदालतले महान्यायाधीवक्ता कार्यालयलाई ओलीलाई पक्राउ गर्नुको कारण पेश गर्न भनेको थियो।

**यस्तो छ महान्यायाधीवक्ता कार्यालयको जवाफ :**

१. विपक्षी रिट निवेदकले आफ्नो रिट निवेदनमा लिएको मागदावीको सम्बन्धमा सक्कल निवेदन फायलबाट व्यहोरा अवगत हुने नै हुँदा सो सम्बन्धमा यस रिट निवेदनको जवाफमा पुनरावृत्ति गरिएको छैन।




२. प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएका अन्य निकायहरुबाट लिखित जवाफ प्रस्तुत हुने नै हुँदा यस कार्यालयको हकमा मात्र लिखित जवाफ प्रस्तुत गरिएको छ।

३. उल्लेखित रिट निवेदनको सम्बन्धमा के-कसो भएको हो भनी जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौंसँग जानकारी माग गर्दा मिति २०८२ भदौ २३ र २४ गते काठमाडौं जिल्लामा भएको प्रदर्शनको क्रममा प्रदर्शनकारीहरूको मृत्यु भएको सम्बन्धमा पुरुषोत्तम खतिवडा खत्री समेतले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली समेत विरुद्धमा ज्यान सम्बन्धी कसूर समेतको जाहेरी दरखास्त यस कार्यालयमा पेश गरेकोमा उक्त जाहेरी सम्बन्धमा भदौ २३ र २४ गते भएको घटना सम्बन्धी जाँचबुझ आयोग, २०८२ गठन भई मानवीय र भौतिक क्षतिको हकमा उल्लेखित आयोगबाट छानबिन हुने र छानविन पश्चात् कारबाहीको सम्बन्धमा प्रतिवेदन प्राप्त भई प्रतिवेदनबाट अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान गर्ने गरी उल्लिखित जाहेरीहरूलाई तामेलीमा राख्ने जिल्ला सरकारी वकील कार्यालय काठमाडौँबाट मिति २०८२/०६/२७ गते निर्णय भई जाहेरी तामेलीमा रहेको अवस्थामा उल्लिखित आयोगबाट नेपाल सरकार समक्ष राय सहितको प्रतिवेदन पेस भएको र उक्त प्रतिवेदनलाई तत्काल कार्यान्वयन गर्ने सम्बन्धमा (क) उल्लिखित आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो समितिले पल गर्ने सिफारिस बमोजिम गर्ने र (ख) अन्यका हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णयको कार्यान्वयनको

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**




झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ। इच्छुकले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६

# अर्जुनधारा प्रेस क्लबको दोस्रो अधिवेशन

## अध्यक्षमा पुनः रमेश समदर्शी




**अर्जुनधारा, चैत २१।** अर्जुनधारा प्रेस क्लबको दोस्रो अधिवेशन शनिवार शनिश्चरेस्थित मेरो रेडियोको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देनले उद्घाटन गरेको समारोह क्लबका अध्यक्ष रमेशकुमार राई (समदर्शी) को अध्यक्षतामा भएको थियो।

उद्घाटन समारोहमा प्रमुख अतिथि गोम्देन, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, क्लबका सल्लाहकार संयोजक कुमार भट्टराई, जग्गादाता कृष्ण बराल, सल्लाहकार दिपीन राई लगायतले शुभकामना मन्तव्य राखेका थिए। प्रेम आचार्यले स्वागत गरेको कार्यक्रम नरेश खातीले सञ्चालन गरेका थिए।

अधिवेशनले आगामी कार्यकालका लागि पुनः समदर्शीलाई अध्यक्षमा निर्विरोध चयन गरेको छ। कार्य समितिको उपाध्यक्षमा प्रेम आचार्य, सचिवमा केशव भण्डारी, सहसचिवमा होमप्रकाश अधिकारी र कोषाध्यक्षमा लीला राई निर्विरोध निर्वाचित भएका छन्।

त्यस्तै सदस्यहरुमा विष्णुकुल श्रेष्ठ, नन्दलाल खतिवडा, चतुर्भुज काफ्ले, योगेन दाहाल, रञ्जिता खड्का र विमला प्रधान निर्विरोध निर्वाचित भएको बताइएको छ। प्रेस क्लबले कार्यालय भवनको निर्माण कार्य पूरा गर्ने तथा पत्रकारको क्षमता अभिबृद्धिलाई आगामी कार्यकालमा प्रमुख प्राथमिकता दिने अध्यक्ष समदर्शीले बताए।

## गुण्डागर्दी र विमानस्थलबाट २३ जना पक्राउ

**काठमाडौँ, चैत २१।** काठमाडौँ प्रहरीले शुक्रवार राति 'अपरेशन सेफ्टी' सञ्चालन गरी उपत्यकाका विभिन्न ठाउँमा गुण्डागर्दीमा संलग्न पाँच जनालाई पक्राउ गरेको छ भने विमानस्थलमा यात्रुलाई दुःख र हैरानी दिने १८ जनालाई पनि नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार प्रहरीले 'अपरेसन सेफ्टी काठमाडौँ' चलाएर बौद्धमा श्याम लामा समूहमा रहेर गुण्डागर्दी गर्दै आएका 'डिम्पल' भनिने प्रवीण तामाङलाई पक्राउ गरेको हो।

यस्तै काठमाडौँको कलङ्की-बाफल क्षेत्रमा गुण्डागर्दी गरेको आरोपमा बिर्जु महर्जन, कलङ्कीकै बस टिकट काउन्टर-पेट्रोलपम्प क्षेत्रमा गुण्डागर्दी गर्ने सुजन कार्की, स्युचाटार क्षेत्रमा गुण्डागर्दीमा संलग्न सरू हुमागाँईंलाई र बौद्ध क्षेत्रमा लुटपाट तथा गुण्डागर्दीमा संलग्न बिकी लामालाई पक्राउ गरिएको भट्टराईले जानकारी दिए।

यसैबीच राति नै त्रिभुवन विमानस्थल क्षेत्रबाट यात्रुलाई दुःख हैरानी दिने, आफूले चिनेको होटलमा लैजाने र यात्रु र होटलबाट कमिशन खाने १८ जनालाई पनि पक्राउ गरिएको प्रवक्ता भट्टराईले बताए।

## सशस्त्र ...

जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न अस्वीकार गरिएपछि जिल्ला सरकारी वकिल कार्यालयमार्फत पुनः जाहेरी दर्ता गराउन खोजिएको पनि उल्लेख छ। उजुरीसँगै विभिन्न बैंक भौचर, चेकको प्रतिलिपि, विद्युतीय भुक्तानी विवरण तथा कारोबारसम्बन्धी कागजात प्रमाणका रूपमा पेश गरिएको छ।

सशस्त्र प्रहरी निरीक्षक सापकोटाबिरुद्ध पक्राउ पुर्जी जारी भए पनि जिल्ला प्रहरी कार्यालय झापाले उनलाई अहिलेसम्म पक्राउ गरेको छैन। उनी सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेडक्वाटर भद्रपुर झापामा कार्यरत रहेको प्रहरी श्रोतको दावी छ।

यता बिर्तामोडका लेखनाथ सुवेदी अस्पताल सञ्चालक हुन्। उनको बिर्तामोडमा आँखा अस्पताल रहेको बताइएको छ।

भण्डारी भने प्रहरी निरीक्षक सापकोटाका ससुरा हुन्। उनले ससुरालाई अघि सारेर मिटर व्याज सम्वन्धी कारोवार गर्दै आएको बताइएको छ।

यता सुवेदी पनि उनीहरुका नातेदार हुन्। पारिवारिक मिलेमत्तोमा नै उनीहरुले मिटर व्याज सम्वन्धि कारोवार गर्दै आएको श्रोतको दावी छ। अन्य विभिन्न व्यक्तिसँग पनि उनीहरुले मिटर व्याज सम्वन्धि कारोवार गर्दै आएको बुझिएको छ।

उता बिराटनगरमा मिटरब्याजीले आतंक सृजना गरेको खुलेको छ। बिराटनगरका यातायात व्यवसायीलाई मिटरब्याज कारोबारीको समूहले ज्यान नै मार्ने धम्की दिँदै करोडौं रकम माग गरेको घटना सार्वजनिक भएको छ।

विराटनगर महानगरपालिका-१२का ६१ वर्षीय राजन क्षेत्री कँडेलले आफू र आफ्नो परिवारमाथि मिटरब्याजको धन्दा चलाउने गिरोहले धम्की दिएको भन्दै जिल्ला प्रहरी कार्यालय मोरङमा जाहेरी दिएका हुन्। शुक्रबार ५ जनाबिरुद्ध जाहेरी परेको छ। मिटरब्याजको गिरोहका सदस्य बिराटनगर महानगरपालिका-९मा बस्दै आएका भोलेनाथ गुप्ता, एजाज अहमद, विष्णुकुमार साह, आशिष निरौला र बिराटनगर-७का प्रवीन जैनबिरुद्ध कँडेलले उजुरी दिएका हुन्।

कँडेलका अनुसार मिटरब्याजको धन्दा चलाइरहेको गिरोहले चैत १५ गते बिहान घरमा आएर धम्की दिएको थियो। शेखर पोखरेल, शिव भवानीलगायतको समूहले घर घेराउ गरी आतंक सिर्जना गरेको उनको गुनासो छ। कँडेलले जाहेरी दिएका व्यक्तिहरु विराटनगरमा लामो समयदेखि मिटरब्याजको धन्दा चलाउने गिरोह रहेको प्रहरी स्रोतले बतायो।

जाहेरी परेकामध्ये भोलेनाथ गुप्ताले आफूलाई मिटरब्याजको कुरा थाहा नभएको बताए। 'मसँग आशिष निरौलाले १० लाख रूपैयाँ भदौमा लिएका हुन्। त्यो पैसा कसलाई दिए र कसको चेक लिए भन्ने मलाई थाहा छैन'- उनी भन्छन्- 'उजुरी परेको थाहा पाएपछि हामी छलफलमा बस्यौं। मिटरब्याजको धन्दामा संलग्नता नभएकाले नडराउनु भनेर मलाई साथीहरुले भन्नु भएको छ।' आफूले कसैको चेक बाउन्स नगरेको उनले बताए। 'आशिष निरौलाबाहेक अरुसँग मेरो लेनदेन छैन। म जागिर खाएर बस्ने मान्छे हुँ, निर्दोश छु'- उनी भन्छन्। गुप्ताले आफू बिराटनगरकै एउटा उद्योगमा लेखापालको रुपमा कार्यरत रहेको बताए। उनी भन्छन्- 'मेरो घर सप्तरी हो। विराटनगर-१०मा बस्छु। एउटा फ्याक्ट्रीमा लेखापाल काम गर्छु। अरु कुरा मलाइ थाहा छैन।'

आशिष निरौलाले भने व्यक्तिगत लेनदेनको विषय रहेको र त्यो कुरा मिलिसकेको बताए। 'मिटरब्याजको कुनै विषय हैन। मैले बहिनी (राजनकी छोरी रोजी कँडेल) लाई पैसा दिएको हो। त्यो कसरी मिटरब्याज हुन्छ ? मकैसँगै घुन पिसिएको हो। तर, हाम्रो व्यवहार पनि मिलिसक्यो'- निरौला भन्छन्।

जाहेरीमा नाम उल्लेख गरिएका विष्णुकुमार साहले आफूहरुबिरुद्ध उजुरी परेको थाहा पाएपछि कुरा मिलाइसकिएको बताए। 'हिजो राति (शुक्रबार राति) नै सबै कुरा मिलिसकेको छ। अरु कुरा केही हैन। राजन कँडेलकी छोरीले गर्दा अलिकति समस्या भएको हो'- उनले भने। जाहेरीमा नाम जोडिएका एजाज अहमद र प्रवीन जैनले भने फोन उठाएनन्। एजाज र प्रवीन दुवै जना बिराटनगरका नामुद मिटरब्याजी रहेको प्रहरी स्रोतको भनाइ छ। विगत लामो समयदेखि मिटरब्याज धन्दामा उनीहरुको नाम जोडिने गरेको छ। स्रोतका अनुसार राजन कँडेललाई सबैभन्दा बढी धम्की दिने व्यक्ति विष्णुकुमार र एजाज हुन्।

'एउटा सामान्य व्यवसाय गरेर खाने मान्छेलाई मिटरब्याजको गिरोहले सडकमै ल्याइदिएको छ। यो घटनामा राजन कँडेल अत्यन्तै धेरै पीडित छन्। जाहेरी परिसकेकाले मिटरब्याजको धन्दा चलाउने गिरोहलाई तत्काल प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान एवम् कारबाहीको दायरामा ल्याउनुपर्छ'- एक स्थानीय भन्छन्। मिटरब्याजीका कारण कँडेलसहित उनको सिंगो परिवार पीडित बनेको स्थानीयको भनाइ छ।

**के हो घटना ?**

राजन कँडेलकी छोरी रोजी विराटनगरस्थित सिटीजन्स बैंकको कञ्चनबारी शाखाकी कर्मचारी थिइन्। उनकी छोरीबिरुद्ध नक्कली ऋणी खडा गरी ४ करोड ९१ लाख रुपैयाँ ठगी गरेको आरोप छ। बैंकले दिएको जाहेरीका आधारमा प्रहरीले रोजी कँडेलमाथिको अनुसन्धान प्रक्रिया अघि बढाएको छ। तर, रोजी भने फरार छिन्।

रोजी फरार भएकै अवस्थामा रोजीसँग कारोबार रहेको भन्दै भोलेनाथ गुप्तासहित विराटनगर-९का एजाज अहमद, विष्णुकुमार साह, आशिष निरौला र बिराटनगर महानगरपालिका-७का प्रवीन जैनले बुवा राजनमाथि दबाब सिर्जना गरेका हुन्। यो समूह बिराटनगरमा सक्रिय मिटरब्याजीको गिरोहमध्येको एउटा रहेको प्रहरीको भनाइ छ।

राजन कँडेलका अनुसार यो समूहसँग उनको परिवारका सबै सदस्यको चेक छ। 'मेरो श्रीमती र छोरा-बुहारीको ६-७ वटा चेक यिनीहरुसँग छ। तर, हामीले चेक काटेर दिएको छैनौं। सबैलाई म चिन्दिन पनि'- कँडेलले भने- 'छोरी बैंकमा कार्यरत हुँदा छोरीबाट चेक लिएको हुनसक्छ।' यो समूहले कँडेलसँग ५ करोड ६० लाख रुपैयाँभन्दा बढी नगद दिन माग गरिरहेको छ। पैसा नदिए जे पनि हुनसक्ने भन्दै धम्की दिइरहेको उनले बताए।

रोजी कँडेल बैंकको रकम हिनामिना प्रकरणमा जोडिएपछि छोरीले बुझाउनुपर्ने भन्दै मिटरब्याजीको समूहले ५ करोड ६० लाख रुपैयाँ नगद नै दिन दबाब दिएको कँडेलको भनाइ छ। उनले यो कुरा जाहेरीमा पनि उल्लेख गरेका छन्। पैसा नदिए परिवारका सदस्यलाई नै गायब पारिदिने धम्की पनि दिएको कँडेलले बताए।

उनले धम्की दिनेसमूहसँग रहेका चेकहरूमा आफ्नो हस्ताक्षर नभएको र कुनै पनि लेनदेन नभएको दाबी गरेका छन्। 'मैले कहिल्यै हस्ताक्षर नगरेको र लेनदेन नै नभएको अवस्थामा नक्कली चेक देखाएर मलाई र मेरो परिवारलाई त्रसित बनाइयो'- उनले भने- 'कारबाहीका लागि प्रहरीमा जाहेरी दिएको छु।'

मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले घटनाको अनुसन्धान भइरहेको बताए। 'बैंकको रकम ठगी गरेको कसुरमा फरार महिला पक्राउ परेपछि थप विषय खुल्छ'- उनले भने- 'मिटरब्याजको उजुरीको विषयमा पनि अनुसन्धान भइरहेको छ।' विराटनगरमा मिटरब्याजको गिरोह सक्रिय रहेको जानकारी आएको बताउँदै एसपी कटवालले गिरोहलाई पक्राउ गरेर कारबाहीको दायरामा ल्याउन प्रहरी सक्रियता बढाइएको बताए।

## ओलीको ...

लागि क्रमशः लेखापढी हुँदै यस कार्यालयमा प्राप्त हुन आएको र यस परिसरमा परेको जाहेरी दरखास्त जगाई सो समेतको आधारमा निज रिट निवेदक समेत उपर कानून बमोजिम सम्मानित अदालतको अनुमतिले हिरासतमा राखी अनुसन्धान भइरहेको भन्ने व्यहोराको जिल्ला प्रहरी परिसर काठमाडौंको चलानी नम्बर २४४१ मिति २०८२/१२/१८ गतेको पत्रबाट खुल्न आएको देखिन्छ।

४. पुरुषोत्तम खतिवडा खत्री समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी के.पी. शर्मा ओली समेत भएको ज्यान सम्बन्धी कसूर मुद्दाको अनुसन्धानको क्रममा के.पी. शर्मा ओली समेतलाई पक्राउ गर्नुपर्ने भएकोले जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौँबाट मिति २०८२/१२/१४ गते मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ९ को उपदफा (६) बमोजिम जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरी उक्त पुर्जी मिति २०८२/१२/१५ गते सक्षम अदालतबाट समर्थन गराई ऐ. मितिमा नै पक्राउ परेको मितिबाट लागू हुने गरी दिन ५ (पाँच) पहिलो पटक म्याद थपको अनुमति प्राप्त भई आएको र निजको स्वास्थ्य अवस्थालाई समेत हेरी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा उपचारको प्रबन्ध मिलाई विद्यमान कानून बमोजिम अनुसन्धान जारी रहेको अवस्था छ। अतः सक्षम निकायले दिएको आदेश बमोजिम थुनामा राखी अनुसन्धान गर्नु पर्ने निज के.पी. शर्मा ओली उपचारको क्रममा अस्पतालमा रहेको अवस्थामा निजले मलाई गैरकानूनी रुपमा थुनामा राखियो भनी लिएको दाबी नै कानूनसम्मत नभएको हुँदा यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन बदर भागी छ। यसै रिटको जवाफलाई आधारमानी खारेज गरी पाउँ।

५. प्रस्तुत लिखित जवाफ सम्मानित सर्वोच्च अदालतको इजलास समक्ष पेश हुँदा सो सम्बन्धमा यस कार्यालयको तर्फबाट उपस्थित विद्वान सरकारी वकिलले बहस गरिने नै हुँदा यसै लिखित जवाफ समेतलाई अभिन्न अङ्ग मानी पाऊँ।

## आगलागी ...

बराबरको क्षति भएको छ। स्थानीय र प्रहरीको सहयोगमा करिब तीन घण्टामा आगो निभाइएको थियो।

## स्वास्थ्यकर्मीलाई ...

आएपछि मन्त्रालयले यस्तो निर्देशन दिएको जनाएको छ।

सम्झौता अनुसार निजी मेडिकल कलेजहरूले आफ्नो शिक्षण अस्पतालहरुमा कार्यरत नर्सलगायत स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको कम्तीमा पाँचौं तहको शुरु तलब स्केल हालको रु. ३४ हजार ७३० कात्तिक महिनादेखि नै दिने र अन्य निजी तथा सामुदायिक अस्पतालहरू तथा डेण्टल कलेजहरुले हालको तलब ३४ हजार ७३०को ८०% तलब उपलब्ध गराउनुपर्ने भनिएको थियो।

पत्रमा सहमति अनुसार पारिश्रमिक नदिइएको पाइएमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ। मन्त्रालयले सम्बन्धित निकायहरूलाई अनुगमन गरी सहमति कार्यान्वयन सुनिश्चित गर्न पनि आग्रह गरेको छ।

## बलात्कार ...

मुलुकी अपराधसंहिता २०७४को दफा २२७ (क) अनुसार जबरजस्ती करणी जस्तो जघन्य अपराधमा मिलापत्र गराउनु वा गराउन खोज्नु आफैँमा दण्डनीय कसुर हो।

सिन्धुपाल्चोक जिल्ला अदालतबाट म्याद थप गरी अहिले उनीहरूमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीले जबरजस्ती करणी जस्ता मुद्दामा कुनै पनि बहानामा मिलापत्र गर्न नमिल्ने भन्दै यस्ता गतिविधिमा संलग्न हुने जोसुकैलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ।


## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु–विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

मो. ९८१७९९०२९९/ ९८०७९२२३०१


## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



## सहारा नेपाल (SAHARA NEPAL)

केन्द्रीय कार्यालयः झापा

### सिलबन्दी कोटेशन आव्हानको सूचना

दोस्रोपटक सूचना प्रकाशित मितिः २०८२/१२/२२
सूचना नं.: 04/SN/CHP/PB/2082/083

सहारा नेपाल तथा ह्यावीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम अन्तर्गत Cement Bamboo Framing Technology (CBFT) प्रयोग गरी विराटनगरमा एक सार्वजनिक भवन निर्माण कार्य गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक तथा प्रचलित कानून अनुसार दर्ता भएका योग्य निर्माण व्यवसाय कम्पनी/फर्महरुबाट सिलबन्दी कोटेशन आव्हान गरिएको छ।

बोलपत्रको विवरण

| क्र.स. | निर्माण कार्यको संक्षिप्त विवरण | भवनको प्रकार | निर्माण स्थल | भवनको साईज | भवन संख्या |
|---|---|---|---|---|---|
| २ | निर्माण प्रविधि : Cement Bamboo Framing Technology (CBFT-Cement तथा Treated Bamboo) | सार्वजनिक भवन | विराटनगर, मोरङ | लम्बाई : ३३ फिट १ ईन्च<br>चौडाई : २० फिट ४ ईन्च<br>उचाई : १६ फिट ६ ईन्च | १ |

- सिलबन्दी कोटेशन पेश गर्न चाहेने इच्छुक योग्य फर्म तथा निर्माण व्यवसाय कम्पनीले मिति २०८२/१२/०७ गते कार्यालय समयभित्र सिलबन्दी कोटेशन पेश गरिसक्नुपर्नेछ। सिलबन्दी कोटेशन साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर दर्ता प्रमाण–पत्रको प्रतिलिपि, करचुक्ता प्रमाण–पत्र आव २०८१/०८२को प्रतिलिपि र कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि साथै मौजुदा प्राविधिक जनशक्तिको विवरण पेश गनुपर्ने छ।
- सिलबन्दी कोटेशन सम्बन्धी कागजात केन्द्रीय कार्यालय, बिर्तामोड–२, झापामा मात्र संकलन गरिने छ।
- सिलबन्दी कोटेशन स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपालमा सुरक्षित रहने छ।
- विस्तृत प्राविधिक विवरण तथा भवनको डिजाइन कार्यालयबाट प्राप्त गर्न सकिने छ।

सम्पर्क : सहारा नेपाल
विर्तामोड–२, चारपाने, झापा (फोन नं : ०२३–५३११९८)



## सहारा नेपाल (SAHARA NEPAL)

केन्द्रीय कार्यालयः झापा

### बोलपत्र आव्हानको सूचना

प्रथमपटक सूचना प्रकाशित मितिः २०८२/१२/२२
बोलपत्र आव्हानको सुचना नं.: 04/SN/CHP/GaUR/2082/083

सहारा नेपाल तथा ह्यावीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित "Safe Housing Project" अन्तर्गत आवास निर्माणका लागि विभिन्न किसिमका निर्माण सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजतप्राप्त सप्लायर्सहरुबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यस सिलबन्दी बोलपत्र आव्हान गरिन्छ, सार्वजनिक खरिद ऐन, २०६३को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ बमोजिम राष्ट्रिय स्तरको खुल्ला वोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

बोलपत्रको विवरण

| क्र.स. | सामाग्री विवरण | परिमाण | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | आवास निर्माणमा आवश्क सामग्रीहरु जस्तैः सिमेन्ट, नट, बोल्ट, जस्ता पाता, चिकन मेस, रिबार इत्यादि) | गौरीगञ्ज गाउँपालिकामा निर्माणाधीन २५ घर धुरी | रु २८,५००।०० (रु. अठ्ठाईस हजार पाँच सय मात्र) | रु ५०० (पाँच सय रुपैयाँ मात्र ) | ९० दिन | बोलपत्र खरिद : २०८३/०१/०५ गते कार्यालय समय भित्र<br>बोलपत्र दर्ता गर्ने: २०८३/०१/०६ गते दिनको १२ बजे भित्र | २०८३/०१/०६ गते दिनको २ बजे |
| २ | आवास निर्माणमा आवश्यक सामाग्रीहरु जस्तैः (रंग, ईनामेल, प्राईमर इत्यादी) | गौरीगञ्ज गाउँपालिकामा निर्माणाधीन २५ घर धुरी | रु २३,७००।०० (तेईस हजार सात सय मात्र) | | | | |

- बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धि कागजात यस सहारा नेपाल को केन्द्रिय कार्यलय विर्तामोड–२, चारपाने, झापामा लिखित निवेदन पेशगरी मिति २०८३/०१/०५ गते कार्यालय समयभित्र प्राप्त गर्न सक्नेछ। निबेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर, करचुक्ता प्रमाणपत्र आ व २०८१/०८२ को प्रतिलिपि र बोलपत्र सम्बन्धि कागजातको दस्तुर पेश गनुपर्ने छ।
- बोलपत्र फारम दस्तुर तपशिलको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी, बोलपत्र खरिद गर्न सकिने छ।
- बोलपत्र सम्बन्धि कागजात केन्द्रिय कार्यालय विर्तामोड–२, झापामा मात्र संकलन गरिने छ।
- बोलपत्रको साथमा, बोलपत्र जमानत (बैंक ग्यारेन्टी) उपलब्ध गराउनु पर्ने छ, जमानतको मान्य अबधि बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि १२० दिन हुनुपर्ने छ वा सो बराबरको रकम तपशिल बैंक खातामा जम्मा गरी सक्कल बैंक भौचर संलग्न गरी बोलपत्रको साथ पेश गर्नुपर्नेछ।
- तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सहारा नेपालको केन्द्रीय कार्यालय विर्तामोड–२, झापामा मिति २०८३/०१/०६ गते दिनको २ बजे खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र खरिद गर्ने, पेशगर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय, खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्रको जमानतको मान्य अवधि भने साविकै मिति देखी गणना गरिने छ।
- बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपालमा सुरक्षित रहनेछ।

बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

सहारा नेपाल, नेपाल बैंक लिमिटेड, विर्तामोड शाखा,
खाता नं. ०८८००१००४३१६३५००००१

बोलपत्र सम्बन्धि अन्य जानकारीका लागि सहारा नेपाल को कार्यालय, वा सम्पर्क नं. फोन नं.०२३–५३११९८ saharanepal@ntc.net.np मा सम्पर्क गर्न सकिने छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# आपराधिक घटना न्यूनीकरण गर

**यतिबेला सञ्चारमाध्यममा दिनहुँ आउने समाचार सामग्रीमा आपराधिक घटना नभएका प्रायः हुँदैनन् । यौनजन्य, कुटपिट, अवैध वस्तु बरामद, नियन्त्रण, बैंकिङ कसुर, डिजिटल ठगीदेखि हत्यासम्मका कुनै न कुनै अपराधका घटना दिनहुँ भएका पढिन्छ वा सुनिन्छ । यस्ता अपराधका घटना बढ्दै जानुले देशको सुरक्षा स्थिति कमजोर भएको प्रमाणित हुन्छ । यसले आपराधिक मानसिकता बढेको र दूष्कर्म गर्नेहरुको मनोबल उच्च भएको देखाउँछ । घटनामा दोषीहरु पक्राउ पर्छन्, तर उनीहरुको संलग्नता राजनीतिक दल वा उच्च तहका कर्मचारी अथवा सुरक्षा निकायकै उच्च पद र जिम्मेवारीका व्यक्तिसँग जोडिन्छ । जसका कारण दोषीहरुले उन्मुक्ति पाउने अवस्था छ ।**

**देशमा वेरोजगारीको तह उच्च भएको छ । विगतमा सञ्चालनमा रहेका उद्योगहरु सरकारले नै बन्द गराएपछि वेरोजगारी झनै बढेको छ । बहुसंख्यक नेपालीको जीवन बनेको र देशले अर्थतन्त्रका मूल आधारका रुपमा रहेको कृषि क्षेत्रलाई व्यवस्थित र व्यावसायिक बनाउन राज्यको नीति र कार्यक्रम नहुँदा कृषिकर्म विकर्षित हुन पुग्यो । देशमा रोजगारीको अभाव र भएको एकमात्र विकल्प खेती पनि आकर्षणविहीनताले युवाहरु वैदेशिक रोजगारीतर्फ आकर्षित भए । फलस्वरुप लाखौं युवा विदेशिएका छन् अथवा विदेशिन बाध्य छन् । तर, विदेश जानु नै सम्पूर्ण होइन किनकि त्यस नाममा धेरै नेपाली ठगिएका छन् । विभिन्न देशमा पुऱ्याउने बहानामा सोझा युवा ठगिएका छन् भने कति धेरै पैसा कमाउने सपनामा लठ्ठिएर भएको सर्वस्व सकिएर रोइरहेका छन् ।**

**वैदेशिक रोजगारका नाममा ठगिनु अहिले नेपालीका लागि सामान्य भएको छ । यद्यपि राज्यले विदेश जानुअघि अनुमति लिनु पर्ने प्रावधान राखेको छ । वैदेशिक रोजगार कार्यालयबाट श्रम स्वीकृति लिनुपर्ने वैधानिक व्यवस्था छ । तर, त्यसको प्रक्रिया सरल छैन, जुन आमनेपालीका लागि अति बोझिलो, असजिलो मात्र होइन, झन्झटिलो पनि छ भनिन्छ । अनुमति प्राप्त गर्न पेश गर्नुपर्ने कागजात जुटाउन सर्वसाधारणलाई कठिन हुन्छ र अन्ततः विचौलियाको शरण पर्नुपर्छ, जहाँ पुगेपछि ठगिनु परेको भुक्तभोगहरु बताउँछन् ।**

**विदेश पठाउने नाममा लाखौं रुपैयाँ लिई सम्पर्कसविहीह भएका चारजना पक्राउ परेका छन् । काठमाडौं उपत्यकाको अपराध अनुसन्धान कार्यालयले उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुले विभिन्न व्यक्तिबाट त्रिहत्तर लाखभन्दा बढी रकम लिएको आरोप छ । त्यस्तै लम्जुङकी बनकुमारी गुरुङ एक्लैले अनलाइन मार्फत ठगी गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । फेसबुकमा नक्कली खाना बनाएर आकर्षक तलब सुविधामा जापान पठाउँछु भन्दै ठगी गरेको उनीमाथि आरोप छ । त्यस्तै नेपालीलाई ठगी गर्नेमा चिनियाँ नागरिक पनि जोडिन थालेको प्रहरी अनुसन्धानले देखाएको छ । यी र यस्ता ठगी बढ्नुमा देशमा रोजगारको अभाव नै हो । यी र यस्ता विकृति र अपराध न्यूनीकरण गर्दै समृद्ध समाज र समुन्नत राष्ट्र निर्माण गर्ने दायित्व अबको सरकारले हो । सरकारले छोटो समयमै आशा जगाएको पनि छ । ठूला–ठूला मान्छे पक्राउ पर्दै पनि छन् । गरिबीले उत्पन्न गरेको यो बाध्यकारी अवस्थाबाट जनतालाई मुक्ति दिन राज्य अग्रसर हुनैपर्छ । दोषीलाई कठोर कारवाही गर्दै युवालाई देशमै टिकाउनुपर्छ । यो नै समाधानको विकल्प हो ।**

# युद्धका बाछिटा नेपालमा



डा. शोभाकर पराजुली

यतिबेला मध्यपूर्व फेरि युद्धको दल दलमा फसेको छ। आफैँमा सधैँ कुनै न कुनै देश आन्तरिक वा छिमेकसँगको मनमुटावमै रहने यहाँका राष्ट्रहरू अहिले नचाहेरै पनि युद्धको छायामा जेलिनु परेको छ। त्यसमा पनि अझ अमेरिका जस्ता शक्ति राष्ट्र नै प्रत्यक्ष युद्धमा सामेल भएपछि मध्यपूर्व र एसिया प्रशान्त अहिले निकै अशान्त बनेको छ।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण शुरु गरेपछि यो युद्धले शान्तसँग बसिरहेका यहाँका अरू राष्ट्रलाई पनि जबर्जस्त त्यो युद्धको हिस्सा बनायो। खाडीका कतिपय राष्ट्र आफूहरूले युद्ध नचाहँदा नचाहँदै पनि युद्धको सिकार हुनु पऱ्यो। तथापि खाडीका कुनै पनि राष्ट्रले इरान माथि जवाफी कारवाही गरेनन् बरु आफू रक्षात्मक मात्रै भएर उभिए। समग्रमा यो युद्धले अहिले सारा विश्वलाई नै प्रभावित गरिरहेको छ। त्यसमा पनि नेपाल जस्ता आयातमा मात्रै निर्भर रहेको देशका लागि आपूर्ति चक्रको एउटा ठूलो मार खेप्नु परिरहेको छ।

अमेरिका र इजरायलले इरान माथि गरेको आक्रमणको पहिलो प्रयासमै इरानका तत्कालीन सर्वोच्च नेता आयोतोल्लाह अलि खामेनी र उनका केही पारिवारिक सदस्यसहित कैयौँ उच्च सरकारी अधिकारी समेत मारिए। इरानमाथि आक्रमण गर्ने राष्ट्रहरूका लागि युद्धको यो सबैभन्दा ठूलो सफलता रह्यो। बाँकी विश्वका लागि यो एउटा भयानक र अत्यासपूर्ण परिस्थिति बन्यो। एकातिर युद्धको त्यो त्रास अनि त्यसका कारण खलबलिएको विश्व अर्थतन्त्र। आपूर्ति चक्रको एउटा मात्रै सानो अणुको स्थिति तलमाथि भयो भने मात्रै सारा विश्व बजारमा हलचल पैदा भइहाल्छ। यो युद्धका कारण इरानको क्षेत्रमा पर्ने स्ट्रिट अफ होर्मुज अवरुद्ध भयो।

विश्व तेल बजारको लगभग २० प्रतिशत जति आयातको यो बाटो इरानको क्षेत्रमा पर्छ। एउटा साँघुरो सामुद्रिक खोँचमा आफ्नो अधिकार प्रयोग गर्दै इरानले त्यो बाटोमा अवरुद्ध गरिरह्यो र त्यसको प्रभावले विश्व बजारमै तेलको मूल्यमा उछाल आयो। खाडी र एसियाका कैयौँ राष्ट्रका लागि इन्धन आपूर्तिको यो सबैभन्दा मुख्य र महत्त्वपूर्ण बाटो हो। त्यसमा पनि नेपाल जस्ता देश इन्धनका लागि पूरै आयातमै निर्भर छन्। अर्को वैकल्पिक बाटो नहुँदा नेपाल जस्ता देशहरूलाई तेल निर्यात गर्ने देशले पनि इन्धनको समस्या खेप्नु परेको छ।

यद्यपि यो युद्ध नयाँ होइन। केही परिस्थिति बद्लिएका होलान्, केही वस्तुस्थिति फेरिएका होलान्, युद्धका स्वरूप केही परिवर्तन भएका होलान् तथापि युद्धका कारण, त्यसमा विकसित इगो र सम्बन्धका स्वरूप उही र उस्तै उस्तै छन्। इजरायल-इरान-अमेरिकाबीचको द्वन्द्व र तनावपूर्ण सम्बन्धका लामा इतिहास छन्। इजरायलको अस्तित्व माथि नै लामो समयदेखि धावा बोलिरहेको इरान, उसले जबर्जस्ती अघि बढाइरहेको आणविक कार्यक्रम अनि अमेरिकाको निरन्तर चर्को दबाबको परिणाम विस्फोट भएर मात्रै अहिले यो युद्धको परिस्थिति उत्पन्न भएको हो।

नत्र तनावका यी कारण त दशकौँअघि विकसित भइसकेका थिए। त्यसमा पनि आफ्नो पहिलो कार्यकालका बेला सन् २०१८ मै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको आणविक सम्झौताबाट बाहिरिने घोषणा गरेपछि तनावपूर्ण सम्बन्धको अर्को अध्याय शुरु भयो। युद्धका सिलसिला पनि त्यो बेलैदेखि विकसित भएको देखिन्छ। इरानले भित्रभित्रै विकसित गर्दै लगिरहेको आणविक क्षमतालाई इजरायलले आफ्नो अस्तित्वका लागि सबैभन्दा खतराका रूपमा औँल्याउँदै आएको थियो। त्यसमाथि अमेरिकाका लागि इरानको त्यो आणविक कार्यक्रम कुनै पनि हालतमा स्वीकार्य थिएन। यस्तै यस्तै पारिस्थितिकीय परिस्थितिहरूको परिणाम जन्मियो पेन्टागन (अमेरिका) को 'अपरेसन एपिक फ्युरी' अनि मोसाद आइडिएफ (इजरायल) को 'अपरेसन रोअरिङ लायन।' इरानका लागि यो एउटा मात्रै युद्धको एउटा रूप थियो तर बाँकी विश्वका लागि भने यो एउटा भयानक परिस्थिजन्य स्थिति बन्यो।

अमेरिका जस्ता शक्तिशाली राष्ट्र जब कुनै देशमाथि भौतिक रूपमै युद्धमा होमिन्छ अनि सारा विश्व नचाहेरै पनि त्यसमा अप्रत्यक्ष रूपमै भए पनि च्यापिनै पर्छ। खाडीका कुनै पनि राष्ट्रलाई यो युद्धसँग कुनै लेनादेना छैन। जब इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरे अनि इरानले त्यसको जवाफमा सिधा अमेरिका र वा इजरायलमाथि प्रहार गरेन बरु उसले खाडीका युएई, कतार, ओमान, साउदी जस्ता राष्ट्रमा आक्रमण गऱ्यो। कारण यत्ति मात्रै थियो कि यी राष्ट्र अमेरिकाका प्रत्यक्ष व्यापार साझेदार हुन् र यहाँ अमेरिकी सैनिकका बेसक्याम्प पनि छन्। यी राष्ट्रमाथि आक्रमण गर्नुका पछाडि इरानसँगको कुनै गहिरो दुश्मनी मात्रै नभएर अमेरिकामाथि दबाब सिर्जना गर्नु पनि थियो। नचाहेरै इरानसँग द्वन्द्वको यो चपेटामा फसेका खाडीका यी राष्ट्रले भने इरानमाथि प्रत्यक्ष आक्रमण गरेनन्। बरु आफूहरू रक्षात्मक मात्रै भएर बसे।

उता इरानले भने सारा विश्वलाई नै हल्लाउने गरी स्ट्रिट अफ होर्मुज बन्द गरिदियो जसका कारण विश्वको इन्धन बजार र अर्थतन्त्र पूरै थर्कमान भयो। यसले पनि विश्वव्यापी रूपमा अमेरिकामाथि थप दबाब सिर्जना भयो। त्यसका लागि इरानले अमेरिकामाथि सिधा आक्रमण गर्नै परेन। इजरायलमाथि पनि इरानको 'प्रोक्सी वार' शुरु भयो। यसमा पनि इरानले आफू नै इजरायलमाथि प्रत्यक्ष आक्रमणमा त्यति धेरै सहभागी भएन। छिमेकमा सक्रिय विद्रोही र लडाकु समूहले नै इजरायलमाथि आक्रमण गरिरहेका छन्।



यो युद्धले लगभग पाँच साता पार गरिसकेको छ। अमेरिकी राष्ट्रपतिले अझै कम्तीमा तीन साता अरू युद्धमय दिनहरू सहनुपर्ने सङ्केत गरेका छन्। यसबाट अझै परिस्थितिको आकलन गर्न अझ धेरै गाह्रो भइरहेको परिस्थिति सिर्जना भएको छ। एकातिर सम्झौताका लागि अमेरिकाले इरानलाई निरन्तर दबाब दिइरहेको छ भने अर्कोतिर अमेरिकाले युद्धलाई अझ अनिश्चिततातर्फ धकेलिरहेको छ। अमेरिकी राष्ट्रपतिका अभिव्यक्तिको विश्लेषण गर्दा उसले इरान माथिका केही आक्रमणलाई तत्कालका लागि केही कम गरेको जस्तो देखिए पनि आफूले राखेका बाहेक इरानका सर्तलाई उसले बेवास्ता गरिरहेको आभाष हुन्छ। यसरी यो युद्ध कहिलेसम्म कहाँ गएर सकिन्छ भन्ने निर्क्योल निकाल्न गाह्रो छ। त्यसमा पनि ट्रम्पका रणनीति तत्कालका तत्कालै फेरबदल हुने प्रवृत्तिका कारण पनि यसको अनुमान लगाउन गाह्रो हुन्छ। तथापि आशा गरौँ चाँडै याव महादेशले युद्धको तुँवालोबाट उन्मुक्ति पाउने छ।

यो युद्धबाट सबैभन्दा धेरै एसिया क्षेत्र सबैभन्दा बढी प्रभावित छ। विश्व बजारका उदीयमान आर्थिक शक्ति राष्ट्र चीन र भारत दुबै यो क्षेत्रका सबैभन्दा ठूला तेल आयातकर्ता हुन्। उनैले फेरि नेपाल जस्ता अरू धेरै देशमा तयारी इन्धन निर्यात गर्छन्। भारतले मध्यपूर्वका देशहरूबाट कम्तीमा ६० प्रतिशतभन्दा धेरै कच्चा तेल आयात गर्दै आएको छ। नेपाल लगायत दक्षिण एसियाका सबै जसो राष्ट्रमा त्यही कच्चा तेल रिफाइन गरेर तयारी तेल निर्यात गर्ने देश पनि भारत नै हो। यो हिसाबले हेर्ने हो भने अहिले इन्धन व्यापारको सबैभन्दा ठूलो मारमा भारत पनि परिरहेको छ, त्यस बाहेकका देशले भने आपूर्तिको मार खेपिरहेका छन्।

इरानको निरन्तरको आक्रमणका कारण खाडी राष्ट्रमा इन्धनको सुरक्षा चुनौती बढिरहेको छ। त्यसले एकातिर विश्व बजारमै इन्धनको अभाव सिर्जना गरेको छ भने अर्कोतिर त्यही अभावले मूल्य वृद्धि पनि भइरहेको छ। यसरी क्षेत्रीय शान्ति खलबलिँदै जाँदा समग्रमा इजरायल-इरान-अमेरिका युद्धमा सबैभन्दा धेरै प्रभावित एसिया महाद्वीप नै देखिएको छ। यस्तो अवस्थामा नेपाल जस्ता विकासशील राष्ट्रले आफ्ना शक्तिशाली छिमेकीलाई मध्यस्थताका लागि अनुरोध गर्न सक्छन्। यो भनेको एउटा कूटनीति पनि हो र नेपाल जस्ता राष्ट्रले गर्न सक्ने भनेको यस्तै कूटनीतिक प्रयास मात्रै हुन्।

अहिले चीन र पाकिस्तानले इजरायल-इरान र अमेरिकीबिचको युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास थालेको देखिन्छ। त्यसका लागि पाकिस्तानले खाडीका राष्ट्रसँग छलफल र वार्ता अघि बढाएको छ भने चीनले अमेरिकासँग सम्झौताका लागि प्रयास गरिरहेको छ। यस्तो अवस्थामा नेपाल जस्ता राष्ट्रले कूटनीतिक र मानवीय दृष्टिकोणबाट शक्ति तथा युद्धरत पक्षबिच मध्यस्थताको भूमिका खेल्न सक्छन्। युद्धले एकातिर नेपालकै अर्थतन्त्रमा गम्भीर धक्का लाग्न सक्छ भने अर्कोतिर युद्धको सिकार प्रत्यक्ष रूपमा नेपाली पनि भइरहेका छन्। खाडी राष्ट्रमा लाखौँ नेपाली छन्। यो युद्धमा केही नेपालीको ज्यान समेत गइसकेको छ। अबको युद्धमा कोही पनि बिजेता वा पराजित हुँदैन।

नेपाल जस्ता 'तटस्थ' तथा असंलग्न राष्ट्रहरूको भूमिका भनेको यस्तै कूटनीतिक र मानवीय महत्त्वका आधारमा प्रयास मात्रै गर्ने हो। भविष्यमा पनि यस्तो अवस्थामा आयो भने कसरी आफू आत्मनिर्भर हुन सकिन्छ ? भन्नेतिर ध्यान दिने हो। समग्रमा युद्धबाट कसैको हारजित हुँदैन मात्रै क्षति हुन्छ, नोक्सानी हुन्छ। आजको विश्वमा संवाद, कूटनीति, बहुपक्षीयता र सहअस्तित्वको स्वीकार्यता नै सबैभन्दा ठूलो समाधान हो। त्यसका लागि नेपाल जस्ता राष्ट्रले बहुपक्षीय मञ्चहरूमा शान्तिका लागि यस्तै अपिल गर्न सक्नु पर्छ। विश्व परिवेशमा नेपालले दिन सक्ने योगदान भनेकै यस्तै हो। गोप

# सेहोनाम्लाङ महोत्सव सम्पन्न



युद्धबहादुर बोहोरा

धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेको सेहोनाम्लाङ (छाला सुकुवा) क्षेत्रमा आयोजित तेस्रो संस्करणको सेहोनाम्लाङ महोत्सव-२०८२ सम्पन्न भएको छ। फाल्गुनन्द गाउँपालिका-५ र मिक्लाजुङ गाउँपालिका-१ को संगमस्थल सुलुम्फी भञ्ज्याङमा चैत १६, १७ र १८ गतेसम्म सञ्चालन भएको महोत्सवले त्यस क्षेत्रको धार्मिक महत्व, सांस्कृतिक पहिचान र पर्यटकीय सम्भावनालाई थप उजागर गरेको आयोजकले जनाएको छ।

फाल्गुनन्द, कुम्मायक र मिक्लाजुङ गाउँपालिकाको साझा चौतारीका रूपमा परिचित सेहोनाम्लाङ समुद्री सतहदेखि करिब २८ सय मिटर उचाइमा अवस्थित छ। करिब दुई वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस क्षेत्र प्राकृतिक रूपमा अत्यन्तै आकर्षक मानिन्छ। यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गी, दुर्लभ जडीबुटी तथा घना जंगल पाइन्छन्। जंगलले ढाकिएको क्षेत्रको बीच भाग खुला र नाङ्गो देखिने भएकाले याक्थुङ लिम्बू भाषामा यसलाई 'सेहोनाम्लाङ' भनिएको हो। 'सेहो'को अर्थ छाला र 'नाम्लाङ'को अर्थ घाम बढी लाग्ने स्थान भन्ने भएकाले नेपालीमा यसलाई 'छाला सुकुवा' भनेर चिनिन्छ।

याक्थुङ लिम्बू समुदायको पवित्र धर्मग्रन्थ मुन्धुमसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले सेहोनाम्लाङलाई धार्मिक आस्थाको केन्द्रका रूपमा लिइन्छ। धार्मिक अनुष्ठानका क्रममा सेहोनाम्लाङ र नाम्सामी-केसामीको प्रसङ्ग जोड्ने परम्परा रहिआएको छ। यही धार्मिक महत्वलाई जोगाउँदै स्थानीय संस्कृति संरक्षण, पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादनको प्रचार गर्ने उद्देश्यले महोत्सव आयोजना भएको हो। महोत्सवको उद्घाटन फाल्गुनन्द गाउँपालिका अध्यक्ष बृजहाङ आङ्देम्बेले गरेका थिए।

कार्यक्रममा उनले सेहोनाम्लाङलाई धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताए। पूर्वाधार विकास, प्रचारप्रसार र स्थानीय समुदायको सक्रिय सहभागिता मार्फत यस क्षेत्रलाई राष्ट्रियस्तरको पर्यटकीय केन्द्र बनाउने लक्ष्य रहेको उनको भनाइ थियो।

सेहोनाम्लाङ सांस्कृतिक पर्यटन संस्था (फाकुमि)का अध्यक्ष देउमान आङ्देम्बेको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा वडाध्यक्षहरू देउकुमार आङ्देम्बे, नारायणप्रसाद आङ्देम्बे र विष्णुकुमार चेम्जोङले शुभकामना मन्तव्य राखेका थिए। संस्थाका सचिव खिमसेमी शेर्माले स्वागत गरेको कार्यक्रम सञ्चालन कैलाश शेर्माले गरेका थिए। तीन दिनसम्म चलेको महोत्सवमा यालाङ (धान नाच), केलाङ (च्याब्रुङ नाच), भलिबल प्रतियोगिता र राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति पनि महोत्सवमा समावेश गरिएको थियो। राष्ट्रिय गायक डम्बर नेपाली, गायक तथा संगीतकार अशोक मुकारुङ, खुशी थुलुङ, रविना आङ्देम्बे र कर्मिला आङ्देम्बे शेर्मा लगायतले दमदार प्रस्तुती गरेका थिए।

यालाङतर्फ १२ वटा टोली सहभागी भएका थिए। सहभागी प्रत्येक टोलीलाई नगद आठ हजार रुपैयाँसहित सम्मान गरिएको आयोजकले जनाएको छ। केलाङ प्रतियोगितामा फाल्गुनन्द गाउँपालिका-४ चिलिङ्दिनको नाम्सामी-केसामी केलाङ संस्था प्रथम हुँदै ५० हजार रुपैयाँ नगद र प्रमाणपत्र प्राप्त गर्न सफल भयो। मिक्लाजुङ-१ को सेकमुरीफुङ समूह दोस्रो हुँदै २० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको थियो। पुरस्कार प्रमुख अतिथि घनेन्द्रकुमार आङ्देम्बेले वितरण गरेका थिए। भलिबल प्रतियोगितामा इलाम र पाँचथरका १४ टोली सहभागी भएका थिए। प्रतियोगितामा फालेलुङ गाउँपालिका-२ को टोली विजेता बनेको थियो। विजेता टोलीले नगद ६० हजार एक सय ५० रुपैयाँसहित मेडल र ट्रफी प्राप्त गरेको थियो। मिक्लाजुङ गाउँपालिका-१ को टोली उपविजेता बनेको थियो। उपविजेता टोलीले नगद ३५ हजार एक सय ५० रुपैयाँसहित मेडल र ट्रफी प्राप्त गरेको आयोजकले जनाएको छ।

आयोजकका अनुसार खेलकुद र सांस्कृतिक गतिविधिले स्थानीय युवालाई प्रोत्साहन गर्नुका साथै समुदायबीच आपसी सम्बन्ध बलियो बनाउन मद्दत गरेको छ। महोत्सवका अवसरमा मिक्लाजुङ गाउँपालिका-१ घर भई हाल काठमाडौंमा बसोबास गर्दै आएका गीतकार तथा संगीतकार जीवन मुकारुङ र अशोक मुकारुङलाई नागरिक अभिनन्दनसहित सम्मान गरिएको थियो।

संगीत र सिर्जना मार्फत आफ्नो गाउँको पहिचान राष्ट्रियस्तरमा पुऱ्याएको भन्दै उनीहरूलाई विशेष सम्मान गरिएको आयोजकले जनाएको छ। त्यसैगरी महोत्सव सफल बनाउन देश तथा विदेशबाट आर्थिक, भौतिक तथा नैतिक सहयोग गर्ने विभिन्न व्यक्ति, समूह र संस्थाहरूलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। आयोजकका अनुसार स्थानीयवासी, सह-आयोजक संस्था, प्रवासमा रहेका सहयोगी तथा सामाजिक अभियन्ताहरूको महत्वपूर्ण भूमिका रहेको थियो।

समापन कार्यक्रम मिक्लाजुङ गाउँपालिका-१ का वडाध्यक्ष आङ्देम्बेले गरेका थिए। उनले सेहोनाम्लाङ क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ व्यापक रूपमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता रहेको बताए। सेहोनाम्लाङ सांस्कृतिक पर्यटन संस्था (फाकुमि) मुख्य आयोजक रहेको महोत्सवमा पीवाईसी (फाक्तेप युथ) क्लब फाल्गुनन्द-५, सिर्जनशील युवा समूह मिक्लाजुङ-१, आदिवासी जनजाति महासंघ फाल्गुनन्द गाउँपालिका र सेहोनाम्लाङ युवा समूह मिक्लाजुङ-१ सह-आयोजकका रूपमा रहेका थिए। महोत्सवलाई कुम्मायक, मिक्लाजुङ र फाल्गुनन्द गाउँपालिकाले प्रायोजन गरेका थिए।

## आजको राशिफल





ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - आज तपाईको मन प्रशन्न रहला, धन लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - बोलिको भरमा काम बन्नेछ त्यसैले बोल्दा विचार पुऱ्याउनुहोला, इष्टमित्रले साथ दिनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिको बादबिबाद मिलेर जाने योग छ, धैर्य रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - व्यापार-व्यवसायमा लाभदायक योग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - आज सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, नयाँ अवसरको बाटो खुल्ने छन्, रचनात्मक काममा मन जानेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, यो अवधिभर कसैसँग वादबिवाद नगर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - आज स्वास्थ्य सम्बन्धी समस्या हटेर जानेछ, पशुचौपायाबाट यथेश्ठ लाभ मिल्नाले मन हर्षित रहने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - अचानक शरीरमा स्फूर्ति पैदा हुनेछ, शुभ समाचार आउने छ, अनावश्यक चिन्ता हटेर जानेछ, मन खुशी रहने छ ।

मिति २०८२/१२/२१ शनिबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २९४,०००।-
चाँदी
प्रति तोला
रु. ४,८३०।-

# टोफेलका विषयमा अभिमुखिकरण



**बिर्तामोड, चैत २१।** नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाको आयोजना तथा इक्यान केन्द्रको सहकार्यमा बिर्तामोडमा एकदिने टोफेल डाइरेक्टर्स ब्रिफिङ एण्ड इङ्गेजमेन्ट सेसन सम्पन्न भएको छ ।

इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा इक्यान केन्द्रका केन्द्रिय सदस्य अन्नतराज घिमिरेको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा इक्यान केन्द्रका केन्द्रिय सदस्य विवेक बस्नेतको विशिष्ट आतिथ्य रहेको थियो । कार्यक्रममा इक्यान झापाका संस्थापक अध्यक्ष एवम् प्रमुख सल्लाहकार सुमान शर्मा जमरकट्टेल, इक्यान झापाका निर्वतमान अध्यक्ष रोशन सुवेदी लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा टोफेलको विषयमा इटीएसका सौरभ श्रेष्ठले प्रशिक्षण दिएका थिए । उनले उच्च शिक्षा अध्ययन गर्न विभिन्न मुलुकमा जान इच्छुक विद्यार्थीलाई लक्षित गरेर आयोजना गरिएको यस प्रक्षिणले झापामा शैक्षिक परामर्श दाताहरुलाई सहजता मिल्ने विश्वास व्यक्त गरे ।

विद्यार्थीको मनोविज्ञान बुझेर विदेशमा अध्ययन गर्न जानको लागि परामर्श दिँदै आएकोमा झापामै टोफेलको प्रक्षिण प्रदान गर्नुअघि झापाका शैक्षिक परामर्श दाताहरुलाई यो विषयमा जानकारी गराइएको हो । टोफेल परीक्षा मार्फत आफ्नो अंग्रेजी दक्षता प्रमाणित गर्न सकिने र टोफेल अंग्रेजी भाषामा शैक्षिक दक्षता प्रमाणित गर्ने सबैभन्दा रुचाइएको परीक्षण प्रणाली भएको प्रशिक्षक श्रेष्ठले बताए ।

सीप प्रवर्द्धन, उत्कृष्टतातर्फ अग्रसर गतिशिलता सशक्तिकरण र सबैका लागि, सबै ठाउँमा थप अवसरको ढोका उघारेर शैक्षिक क्षेत्रको विकासका लागि यो प्रशिक्षण उपयुक्त हुनेमा आफूहरु विश्वस्त रहेको इक्यान झापाका तालिम विभाग प्रमुख नवीन बोहोराले बताए । भाषामा दक्षता हासिल गरेमा अध्ययनमा सहजता प्राप्त हुने भएकाले झापामा नै पहिलो पटक टोफेलको प्रशिक्षण आयोजना गरेको भन्दै प्रमुख अतिथी घिमिरेले इक्यान झापालाई बधाई तथा शुभकामना दिए ।

यस्ता कार्यक्रमहरुले विद्यिार्थीको वृत्ति विकासमा थप ठेवा पुग्ने भएकाले टोफेलको परिक्षा तथा कक्षा सञ्चालन झापामा कसरी गर्न सकिन्छ भनेर आफुहरु अघि बढ्ने इक्यान झापाका अध्यक्ष कार्कीले उल्लेख गरे । इक्यान झापाका उपाध्यक्ष अशोक भण्डारीले औचित्यमाथि प्रकाश पार्दै स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव विशाल सिटौलाले गरेका थिए ।

# पौवादुङमामा कर सम्बन्धी सेवा शुभारम्भ

**भोजपुर, चैत २१।** भोजपुरको पौवादुङमा गाउँपालिकामा कर सम्बन्धी सेवा औपचारिक रूपमा शुभारम्भ गरिएको छ ।

जिल्ला करदाता सेवा कार्यालय हटेपछि स्थानीय नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले गाउँपालिकाले आन्तरिक राजस्व कार्यालय धरानसँगको सहकार्यमा सेवा शुरु गरेको हो ।

संघीय सरकारको गत असोज १७ गतेको निर्णय अनुसार साविक करदाता सेवा कार्यालय, भोजपुरबाट प्रदान हुँदै आएका केही सेवा अब स्थानीय तहबाटै उपलब्ध गराउन सेवा सुचारु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने प्राकृतिक व्यक्तिलाई व्यक्तिगत स्थायी लेखा नम्बर जारी गर्नेछ भने स्थानीय तहमा दर्ता भएका व्यवसाय तथा निकायलाई व्यवसायिक स्थायी लेखा नम्बर उपलब्ध उनले जानकारी दिए ।

त्यस्तै मूल्य अभिवृद्धि कर दर्ताका लागि आवश्यक कागजात सङ्कलन गरी सम्बन्धित कार्यालयमा सिफारिस गर्ने, अन्तःशुल्क इजाजतपत्र सम्बन्धी प्रक्रिया सहजीकरण गर्ने, कर चुक्ता प्रमाणपत्रका लागि सिफारिस गर्ने लगायतका सेवा समेत गाउँपालिकाबाटै प्रदान गरिने जनाइएको छ ।

करदाता दर्ता विवरण संशोधन, करसम्बन्धी शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा समेत गाउँपालिकाले सहकार्य गर्नेछ । यसबाट स्थानीय करदातालाई आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी कानूनी प्रक्रिया बुझ्न थप सहज हुने विश्वास गरिएको छ ।

पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले स्थानीय नागरिकका लागि कर सम्बन्धी प्रक्रिया सरल र पहुँचयोग्य बनाउने लक्ष्यसहित सेवा शुरु गरिएको बताए ।

# घर भत्काउने क्रममा मृत्यु



**भद्रपुर, चैत २१।** भद्रपुरमा पक्की घर भत्काउने क्रममा एक मजदुरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर नगरपालिका- ५ निवासी ३४ वर्षीय उपेन्द्र राजवंशी रहेको प्रहरीले जनाएको छ ।

भद्रपुर-६ स्थित भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले बेचेको क्षतिग्रस्त पक्की घर भत्काउने क्रममा छतको पिलरसँगै तल खस्दा राजवंशीका मृत्यु भएको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक मोतीलाल योञ्जनले बताए ।

घाइते राजवंशीलाई उपचारका लागि ओम साई पाथीभरा हस्पिटल भद्रपुर पुर्याएलगतै चिकित्सकले मृत घोषित गरिदिएको उनले बताए । त्यस्तै दुर्घटना परी ठेकेदार धर्मेन्द्र यादव पनि घाइते भएका छन् ।

सामान्य अवस्था रहेको उनको प्रादेशिक अस्पताल भद्रपुरमा उपचार भइरहेको छ । गत भदौ २४ गते जेन-जी आन्दोलनको क्रममा केही अराजक समूहले उपप्रमुख कार्कीको दुई तले पक्की घरमा आगजनी गरी पूर्ण रुपमा क्षति पुर्‍याएका थिए ।

सोही आगजनीबाट क्षतिग्रस्त बनेको घर ठेकेदार यादवलाई बिक्री गरेको उपप्रमुख कार्कीले बताइन् । ठेकेदार यादवकै उपस्थितिमै दुःखद् मानवीय घटना घट्न पुगेको उनको भनाइ छ ।

# दुर्घटनामा मृत्यु

**सुनसरी, चैत २१।** सुनसरी इटहरी उपमहानगरपालिका-२० तरहरामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

मृत्यु हुनेमा इटहरी-२ शान्तिनगरका अन्दाजी ५० वर्षीय अमरबहादुर भुजेल रहेको सुनसरीका प्रहरी नायव उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिए ।

प्रदेश १-०२-०२० प ६८८३ नम्बरको मोटरसाइकल र प्रदेश १-०२-०२० प ६३४० नम्बरको अर्को मोटरसाइकल एकआपसमा ठोक्किँदा भुजेल गम्भीर घाइते भएका थिए । उपचारका क्रममा उपचारको क्रममा मृत्यु उनी मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकलमा सवार इटहरी-२० तरहराका १७ वर्षीय रोहित गिरी र १९ वर्षीय स्माइल राई घाइते भएको प्रहरीले जनाएको छ । राईको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मै उपचार भइरहेको छ भने गिरीको विराटनगरस्थित विराट टिचिङ अस्पतालमा उपचार भइरहेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
**कलर दोकान**
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**घरेलु कामदार चाहियो**
बिर्तामोड-१ स्थित घरमा खाना बनाउने, घर सफासुग्घर गर्ने, वृद्ध आमाको स्याहार गर्नसक्ने एकजना कर्मचारी तु-चाहियो इच्छुकले सम्पर्क गर्नुहोला ।
फोन नं. : ९७०८८२६९०५

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 CERTIFIED COMPANY | स्वदेशी — हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको **शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Oppos]te of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
**पेटका रोगहरुः** ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं**
बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।
**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।
**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।
डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।
जनहितका लागि
**बिर्तामोड नगरपालिका**
झापा, कोशी प्रदेश